# कैलाश गाउँपालिकाको आर्थिक ऐन

**प्रस्तावनाः**

कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कैलाश गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गते देखि कैलाश गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. जरिवाना शुल्कः यस गाउँपालिका भित्र रहेका नीजि क्रसर उद्योग वा अन्यत्र रहे पनि यस गाउँपालिकामा आश्रित रही काम गरिरहेका उद्योगहरुले वन तथा खोलामा खाल्टो खन्ने सार्बजनिक वा व्यक्तिगत सम्पतिलाई कार्यमा क्षति हुने गरी मान्छे वा मेशिन द्वारा उत्खनन गर्ने कार्य गरेमा त्यस्ता नीजि उद्योगहरुबाट पर्न जाने पर्यावरणीय क्षतिबाट पिडित नागरिकलाई सहयोग गर्न विगारिएको वातावरणलाई सुधार गर्नको लागि अनुसूचि (१४) बमोजिम त्यस्ता नीजि उद्योगहरु संग सम्बन्धित भई सामान ढुवानी गर्ने सवारी साधनहरुबाट जरिवाना शुल्क असूल उपर गरिनेछ । साथै गाउँपालिकाको यस ऐन बमोजिम तोकिएका कर दस्तुर आर्थिक वर्ष नघाई बुझाएमा अनुसूचि (१४) (१) बमोजिम जरिवाना लिइनेछ ।

१६. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची : १**
(दफा २ संग सम्बन्धित)

| आर्थिक वर्ष २०७४/०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत सम्पति कर |
|---|
| यस आ.ब.मा आधार तथ्यांक तयार गरी आगामी बर्षबाट लागु गरिनेछ। |

**अनुसूची : २**
(दफा ३ संग सम्बन्धित)

| आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भुमि कर ( मालपोत) | | |
|---|---|---|
| प्रतिरोपनी रू. | धनहर खेत | भिट |
| अब्बल | २०।०० | १२।०० |
| दोयम | १५।०० | ८।०० |
| सिम | १०।०० | ६।०० |
| चाहार | ४।०० | ४।०० |
| नोटः सडकले छोएको जग्गामा सो मालपोत रकममा प्रति रोपनी रू. ५।– थप लाग्नेछ।<br>बक्यौता मालपोतको जरिवाना निकाल्दा :– (जम्मा वर्ष X५)+५अर्थात पहिलो वर्षको हकमा १० प्रतिशत त्यसपछि प्रत्येक वर्ष पाँच प्रतिशतको दरले बढ्दै जानेछ। | | |

**अनुसूची : ३**
(दफा ४ संग सम्बन्धित)

| आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउपालिकाको गाउ सभाबाट स्वीकृत घर वहाल कर | | |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूर्ण वा आंशिक तवरले वहालमा दिएकोमा | वहाल रकमको २ प्रतिशत |

**अनुसूची : ४**
(दफा ५ संग सम्बन्धित)

| आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउपालिकाको गाउ सभाबाट स्वीकृत व्यवसाय करको दर रेटहरू | |
|---|---|
| **व्यापारिक वस्तु** | |
| **खाद्य किराना** | **स्वीकृत दर रेट** |
| बजार क्षेत्रका थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **५००।००** |
| ग्रामीण क्षेत्रका थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **३५०।००** |
| **मासु बिक्रेता** | |
| धेरै थरिका मासु बिक्रेताको लागि | **४००।००** |
| एकथरिका मात्र मासु बिक्रेताको लागि | **३६०।००** |
| **सुनचांदी तथा गरगहना** | |
| सुनचांदी तथा गहनाहरूको खरिद बिक्री गर्ने ( सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | **५०००।००** |
| सुनचांदी तथा गहनाहरूको खरिद बिक्री गर्ने ( सोरुम सजावट नभएकालाई) बिक्रेताको लागि | **२५००।००** |
| ज्याला मात्र लिई सुनचांदी तथा गहनाहरूको सम्बन्धि काम गर्ने (ज्यासल) को लागि | **१५००।००** |
| **श्रृगारका , खेलौना तथा उपहार (गिफ्ट) सामानहरू** | |
| बजार क्षेत्रका थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **५००।००** |
| ग्रामीण क्षेत्रका श्रृंगार सामानका बिक्रेताको लागि | **३५०।००** |
| खेलौना तथा गिफ्ट बिक्रेता | **१००।००** |

| | |
|---|---|
| **निर्माण सामग्री (हार्डवेयर)** | |
| बजार क्षेत्रका बिक्रेताको लागि | १५००।०० |
| ग्रामीण क्षेत्रका बिक्रेताको लागि | १०००।०० |
| ईट्टा, सिमेन्ट, काठ तथा दाउरा तथा बांस बिक्रेताको लागि | १०००।०० |
| **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस** | |
| मेशिनरी तथा सवारी साधन दुबै सो सम्बन्धि पार्टस बिक्रेता तथा सर्भिसि सेन्टर | ६००।०० |
| **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री** | |
| पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री बिक्रेताको लागि | ८००।०० |
| स्टेशनरी तथा खेलकुद सामाग्री बिक्रेताको लागि | ५००।०० |
| **फार्मेसी, औषधी, तथा आयुर्बेदिक पसल** | |
| थोक तथा खुद्रा बिक्री सहित क्लीनिक भएकाहरूको लागि | २०००।०० |
| खुद्रा बिक्री सहित क्लीनिक भएकाहरूको लागि | १५००।०० |
| औषधी बिक्रेताहरूको लागि मात्र | १०००।०० |
| ग्रामीण क्षेत्रका औषधी बिक्रेताहरूको लागि मात्र | ७००।०० |
| चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्री गर्ने  बिक्रेताहरूको लागि | ५००।०० |
| **कृषि जन्य औषधि ,बिउ बिजन तथा मलखाद** | |
| कृषि तथा भेटनरी औषधि सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको लागि | १०००।०० |
| कृषि तथा भेटनरी औषधि तथा बिउ बिजन बिक्रेताको लागि | ८००।०० |
| कृषि तथा भेटनरी औषधि तथा मलखाद बिक्रेताको लागि | ८००।०० |
| कृषि तथा भेटनरी औषधि मात्र बिक्रेताको लागि | ७००।०० |
| मलखाद तथा बिउबिजन बिक्रेताको लागि | ६००।०० |
| **कपडा तथा फेन्सी सम्बन्धि** | |
| तयारी तथा थान कपडा बिक्रेताहरूको लागि | १०००।०० |
| सिलाई सम्बन्धि सामाग्री ( टांक, धागो लगाएत अन्य) सामान बिक्रेताहरूको लागि | ३६०।०० |
| **जुत्ता तथा चप्पल सम्बन्धि** | |
| जुत्ता चप्पल बिक्रेताहरूको लागि | ५००।०० |
| **भांडा पसलहरू** | |
| तामा, पित्तल, स्टिल तथा एल्मुनियमका भांडा बिक्रेताको लागि | ६००।०० |
| प्लास्टिक जन्य भांडा बिक्रेताको लागि | ५००।०० |
| माटोका भांडा बिक्रेताको लागि | ३००।०० |
| **ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सामान बिक्रेताको लागि** | |
| ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सम्बन्धि दुबै सम्बन्धि सामान बिक्रेताको लागि | ११००।०० |
| ईलेक्ट्रोनिक्स सम्बन्धि सामान बिक्रेताहरूको लागि | ८००।०० |
| बजार क्षेत्रमा ईलेक्ट्रीक (विद्युतीय) सरसामान बिक्रेताको लागि | ८००।०० |
| ग्रामीण क्षेत्रमा ईलेक्ट्रीक (विद्युतीय) सरसामान बिक्रेताको लागि | ६००।०० |
| कम्प्युटर एवं पार्टस सम्बन्धि बिक्रेताको लागि | ८००।०० |
| घडि, रेडियो तथा भिडियो सि.डि. बिक्रेताको लागि | ४००।०० |
| मोबाईल एवं पार्टस बिक्रेताहरूको लागि | ३५०।०० |
| **फर्निचर सम्बन्धित** | |
| काठ, स्टिल,प्लास्टिक सामान सहित कार्पेट समेत बिक्र गर्ने बिक्रेताको लागि | ८००।०० |
| काठ, तथा स्टिलका मात्र सामान बिक्री गर्ने बिक्रेताको लागि | ६००।०० |
| **मदिरा तथा सुर्तिजन्य समान बिक्रेताको लागि** | |
| मदिराको थोक बिक्रेताको लागि | २५००।०० |
| मदिराको खुद्रा बिक्रेताको लागि | १५००।०० |
| चुरोटका डिलरहरूलाई | १०००।०० |
| सुर्ति प्याकेजिङ्ग गर्ने हरूको लागि | ५००।०० |
| **तरकारी तथा फलफुल** | |
| तरकारीका थोक बिक्रेताका लागि | ५००।०० |
| तरकारीका खुद्रा बिक्रेताको लागि | ४००।०० |
| फलफुलको थोक बिक्रेताको लागि | ५००।०० |

| | |
|---|---|
| फलफुलका खुद्रा बिक्रेताको लागि | ४००।०० |
| **हस्तकलाका सामानहरू बिक्री गर्नेलाई** | |
| स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि सामानहरू बिक्री गर्नेलाई | ३६०।०० |
| सामान आायात गरि बिक्री गर्नेहरुलाई | ५००।०० |
| **पेट्रोलिय पदार्थ तथा ग्यांस बिक्रेता** | |
| पेट्रोल तथा डिजेल दुबै बिक्रेताको लागि | १५००।०० |
| डिजेल मात्र बिक्री गर्नेहरूको लागि | १०००।०० |
| मट्टीतेल/पेट्रोल डिलरहरूको लागि | ६००।०० |
| ग्यास डिलरहरूको लागि | ८००।०० |
| **नोट :**<br>मिश्रीत विक्रेताको लागि थप रू. १०० | १००।०० |
| **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| **चिकित्सक** | |
| व्यवसायीक रूपमा चिकित्सक सेवा प्रदान गर्नेहरूका लागि | १०००।०० |
| **कविराज** | |
| व्यवसायीक रूपमा कविराज सेवा प्रदान गर्नेहरूका लागि | ५००।०० |
| **इन्जिनियर** | |
| ईन्जिनियरिङ्ग कन्सल्टेण्ट दर्ता गरि सेवा प्रदान गर्नेहरूका लागि | १५००।०० |
| **कानुन व्यवसायी** | |
| अभिवक्ताहरूलाई | ५५०।०० |
| अधिवक्ताहरूलाई | १५००।०० |
| **लेखा परिक्षक** | |
| क वर्गको लागि | १५००।०० |
| ख वर्गको लागि | १०००।०० |
| ग वर्गकको लागि | ५००।०० |
| **दन्त चिकित्सक** | |
| दन्त चिकित्सक | १५००।०० |
| **अनुषन्धान कर्ता तथा परामर्शदाता** | |
| वैदेशिक रोजगार परामर्शदाता | १५००।०० |
| वैदेशिक अध्ययन परामर्शदाता | २०००।०० |
| तालिम तथा अनुसन्धान केन्द्रहरू | १५००।०० |
| **कम्प्युटर एनालिष्ट तथा प्रेगामर** | |
| कम्प्युटर एनालिष्ट तथा प्रेगामर | १५००।०० |
| **विमा एजेन्ट** | |
| विमा एजेन्ट | १५०००।०० |
| **सर्भेयर** | |
| सर्भेयर | १५००।०० |
| **अनुवादक** | |
| अनुवादक | १५००।०० |
| **पशु चिकित्सक** | |
| पशु चिकित्सक | १५००।०० |
| **शेयर दलाल** | |
| शेयर दलाल | १५००।०० |
| **सामान ढुवानीकर्ता तथा कम्पनी** | |
| ट्रान्सपोर्ट का लागि | १५००।०० |
| **संस्थागत पेन्टर** | |
| संस्थागत पेन्टर | ५०००।०० |
| **निर्माण ब्यबसाय :–गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | |
| **निर्माण व्यवसाय** | |
| “क” बर्गको लागि | ३०००।०० |

| | |
|---|---|
| “ख” बर्गको लागि | २५००।०० |
| “ग” बर्गको लागि | २०००।०० |
| “घ” बर्गको लागि | १५००।०० |
| **उत्पादन मुलक उद्योग :–** | |
| **खाद्य तथा पेय सम्बन्धि** | |
| दुग्ध तथा दुग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरू | १०००।०० |
| चामल तथा दाल मिल तथा उद्योगहरू | १०००।०० |
| **साना तथा घरेलु उद्योगहरू** | |
| धुप, अबिर, मैनबत्ती घरलु उद्योगहरू | ५००।०० |
| मसला उद्योगहरू | ६००।०० |
| हस्तकला उद्योगहरू | ४००।०० |
| **निर्माण सामाग्री उद्योगहरू** | |
| गिट्टी, बालुवा लगायतका उद्योगहरू | २५००।०० |
| प्याकेजिङ्ग बस्तु उत्पादन उद्योगहरू | २०००।०० |
| ब्लक उत्पादन उद्योगहरू | १५००।०० |
| फलामे औजार उत्पादन गर्ने उद्योगहरू | १५००।०० |
| अन्य नखुलेका उद्योगहरू रू १०००, देखी १०,०००।०० सम्म | |
| उर्जामुलक उद्योग :– | |
| **जेनेटरबाट बिद्युत उत्पादन गरी ग्राहकहरूमा विद्युत बितरण गर्ने व्यवसाय** | |
| १० के.भी.ए. सम्मको जेनेरेटर प्रयोगमा गर्ने लाई | १५००।०० |
| १० के.भी.ए. भन्दा बढी प्रयोग गर्नेलाई प्रति के.भी.ए. | १००।०० |
| ७५ के.भी.ए. सम्मको जेनेरेटर प्रयोगमा गर्ने लाई | ७०००।०० |
| **कृषि तथा वन्यजन्य उद्योगः–** | |
| **दुग्ध चिस्यान केन्द्र** | |
| दुग्ध चिस्यान केन्द्र स्थापना गरि बिक्री गर्नेलाई | ८००।०० |
| दुग्ध चिस्यान केन्द्र | ५००।०० |
| **व्यवसायिक कृषि फर्महरू** | |
| ग्रामिण कुखुरा पालन गर्नेहरूको लागि १००० सम्म | ५००।०० |
| २००० सम्म कुखुरा पालन गर्नेहरूको लागि | ६००।०० |
| २००० भन्दा बढी कुखुरा पालन गर्नेहरूको लागि | ७००।०० |
| बंगुर तथा माछापालन गर्ने ब्यबसायीहरूलाई | १०००।०० |
| गाई तथा बाख्रा पालन गर्ने ब्यबसायीहरूलाई | १२००।०० |
| कृषी फर्महरू कम्पनी दर्ता गरि संचालन गर्नेहरूलाई | २०००।०० |
| **व्यवसायीक नर्सरी** | |
| व्यवसायीक नर्सरी गर्नेहरूलाई | ५००।०० |
| फुल तथा बिरूवा सम्बन्धि | ३६०।०० |
| **खनिज उद्योगः–** | |
| **खनिज उद्योगः–** | |
| खनिज उद्योगः– | २०००।०० |
| **पर्यटन उद्योग** | |
| **लजहरू** | |
| १० बेड सम्मको लागि | ५००।०० |
| ११ बेड भन्दा माथि | १५००।०० |
| होटल सहित लज सेवाभएकाहरूको लागि | १५००।०० |
| **खाना तथा नास्ता होटलहरू** | |
| बजार क्षेत्रको खाना तथा नास्ता होटलहरूको लागि | ७५०।०० |
| ग्रामीण एरियाको खाना तथा नास्ता होटलहरू | ५००।०० |
| **मदीरा सहितका नास्ता होटलहरू** | |
| बजार क्षेत्रका मदीरा सहितका नास्ता होटलहरू | ८५०।०० |
| ग्रामीण एरियाको मदीरा सहितका नास्ता होटलहरू | ६५०।०० |

| | |
|---|---|
| **कुटानी पिसानी मिल** | |
| तेल, चामल, चिउरा आदी कुटानी पिसानी गर्ने मिलहरूलाई | **१०००।००** |
| चामल, पिठो तथा मसला कुटानी मिलहरूलाई | **८००।००** |
| पानी घट्ट मिल (प्रति महिना) | **७५।००** |
| **निर्माण उद्योग** | |
| **निजी संचार सेवा प्रदायक संस्थाहरू** | |
| निजी क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरू | **५००।००** |
| निजी टेलिफोन प्रदायक संस्थाहरू | **५००।००** |
| **वित्तीय सेवा** | |
| **वाणिज्य तथा विकास बैंक** | |
| मूख्य कार्यलय भएकाहरूको लागि | **५०००।००** |
| शाखा कार्यलयहरूको लागि | **३०००।००** |
| **वित्तिय संस्थाहरू** | |
| मूख्य कार्यालय भएकाहरूको लागि | **३०००।००** |
| शाखा कार्यालयहरूको लागि | **१५००।००** |
| **विमा कम्पनी** | |
| विमा एजेन्सीहरूको लागि | **१०००।००** |
| विमा कम्पनीको शाखा कार्यालयको लागि | **५०००।००** |
| **सहकारी संस्थाहरू** | |
| बचत तथा ऋण र अन्य सहकारी संस्थाहरू | **५००।००** |
| **स्वास्थ्य सेवाः-** | |
| **निजी क्षेत्रको अस्पतालहरू (सामुदायिक, सहकारी तथा नसिङ्गहोम हरू) को लागि** | |
| निजी क्षेत्रको अस्पतालहरू (सामुदायिक, सहकारी तथा नसिङ्गहोम हरू) को लागि | **२०००।००** |
| **ल्याब तथा एक्सरे मात्र संचालन गर्नेहरूकको लागि** | |
| ल्याब तथा एक्सरे मात्र संचालन गर्नेहरूकको लागि | **५००।००** |
| **शिक्षा सेवा** | |
| **निजि क्षेत्रका शिक्षालयहरू** | |
| प्रा. वि. तह | **१०००।००** |
| माध्यामिक तह | **१५००।००** |
| उच्च माध्यामिक तह र सो भन्दा माथिल्लोतहहरू/ प्राबिधिक शिक्षालय | **२५००।००** |
| **प्रशिक्षण केन्द्र ( इन्सिटच्युट )हरू** | |
| टयुसन तथा कोचिङ्ग सेन्टरहरू | **१०००।००** |
| **मर्मत संभार सेवा** | |
| **ईंजिनियरिङ्ग वर्क्स** | |
| ईजिनियरिङ्ग वर्क्स | **३०००।००** |
| २ भन्दा बढी लेथ मेशिन संचालन गर्ने व्यवसायीलाई | **१०००।००** |
| २ वटा सम्म लेथ मेशिन संचालन गर्ने व्यवसायीलाई | **६००।००** |
| **सवारी साधन मर्मत** | |
| मोटर साईकल मर्मत गर्नेलाई | **५००।००** |
| **अन्य मर्मत सेवा** | |
| ईलोक्ट्रोनिक्स सामानहरूको मर्मत गर्ने व्यवसायीहरू | **५००।००** |
| ईलेक्ट्रीक्स सामानहरूको मर्मत गर्ने व्यवसायीहरू | **५००।००** |
| स्टोभ ,छाता टर्च लाईट जुत्ता ,झोला, आदी | **३६०।००** |
| सिलाई मेशिन तथा अन्य घरायसी सामानहरू मर्मत गर्नेलाई | **३६०।००** |
| रेडियो, टि.भी. घडी, मोबाईल तथा टेलिफोन सेट आदी मर्मत | **३६०।००** |
| कम्प्युटर, प्रिन्ट तथा फोटोकपी मर्मत गर्ने व्यवसायीलाई | **५००।००** |
| **सामान ढुवानीकर्ता तथा कम्पनी** | |
| मूख्य कार्यालय भएकाहरूको लागि | **१०००।००** |
| शाखा कार्यालयहरूको लागि | **५००।००** |
| **व्युटी पार्लर  तथा हजाम सेवा** | |

| | |
|---|---|
| श्रृंगारको सामान सहित व्युटी पार्लर गर्नेहरूलाई | ५००।०० |
| व्युटी पार्लर मात्र गर्ने व्यवसायीहरूलाई | ४००।०० |
| बजार क्षेत्रका सैलुनहरूलाई | ४००।०० |
| ग्रामीण क्षेत्रका सैलुनहरूलाई | ३६०।०० |
| **फोटो स्टुडियो** | |
| डिजिटल कलर ल्याब भएकाहरूलाई | १०००।०० |
| बजार क्षेत्रका फोटो स्टुडियोहरूलाई | ५००।०० |
| ग्रमीण क्षेत्रका फोटो स्टुडियो हरूलई | ३६०।०० |
| **सिलाई तथा बुनाई गर्ने** | |
| कपडा सहित सिलाई बुनाई गर्ने हरूलाई | ५००।०० |
| सिलाई बुनाई मात्र गर्ने हरूलाई | ३६०।०० |
| **साईनबोर्ड बनाउने तथा पेन्टीङ्ग सेवा** | |
| डिजिटल मेशन समेत राखी काम गने बजार क्षेत्रकालाई | ८००।०० |
| ग्रमीण क्षेत्रका लाई | ५००।०० |
| **पशु बधशाला** | |
| पशु बधशाला | १०००।०० |
| **क्याटरिङ्ग तथा पार्टी प्यालेसहरू** | |
| टेण्टहरूको लागि मात्र | ५००।०० |
| **केबल नेटवर्किङ्ग व्यवसाय** | |
| नगरमा  केबल नेटवर्किङ्ग व्यवसाय गर्ने | ५०००।०० |
| **अन्य व्यवसायः-** | |
| **पार्क, पिकनिक स्पट** | |
| व्यवसायीकरूपमा पार्क तथा पिकनिक स्थल संचालन गर्ने व्यवसायलाई | ८५०।०० |
| **कवाडी सामान व्यवसाय** | |
| क वर्गको कवाडी सामान व्यवसायीहरूको लागि | १५००।०० |
| **माईक, ईलेक्ट्रीक वा ईलोक्ट्रोनिक्स सामान भाडामा दिने व्यवसायलाई** | |
| साउण्ड सिस्टम भाडामा दिने व्यवसायीहरूको लागि | ६५०।०० |

**अनुसूची : ५**

(दफा ६ संग सम्बन्धित)

| **आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउ सभाबाट स्वीकृत जडिबुटी, जीवजन्तुको दर रेटहरू** | |
|---|---|
| **विवरण** | **स्वीकृत दर रेट** |
| खोटो | प्रति के.जी. रू. –।५० |
| जडिबुटी | आपसी समझदारीमा |
| वनकस | आपसी समझदारीमा |
| अन्य | आपसी समझदारीमा |

**अनुसूची : ६**

(दफा ७ संग सम्बन्धित)

| **आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत सवारी साधन करका दर रेटहरू** | | |
|---|---|---|
| **सवारी साधन दर्ता तथा नविकरण कर** | | |
| क | बस, ट्रक दर्ता तथा वार्षिक नविकरण | १५००।०० |
| ख | जिप, कार दर्ता तथा वार्षिक नविकरण | १०००।०० |

| | | |
|---|---|---|
| ग | मिनि बस, माइक्रोबस दर्ता तथा वार्षिक नविकरण | ५००।०० |
| घ | व्याकहो लोडर दर्ता तथा वार्षिक नविकरण | २०००।०० |
| ङ | मोटर साइकल दर्ता तथा नविकरण | १००।०० |

**अनुसूची : ७**
(दफा ८ संग सम्बन्धित)

| | | |
|---|---|---|
| **आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउपालिकाको गाउँ सभाबाट स्वीकृत विज्ञापन कर** | | |
| व्यवसायीक दृष्टिकोणबाट प्रचार गर्न टाँसिने वा राखिने प्रत्येक ग्लुवोर्ड, साइनबोर्ड, होर्डिङ बोर्ड आदिमा निम्न बमोजिम कर लाग्नेछ :- | | |
| क | डि.पि.एस्. बोर्डमा १० ब.फि. सम्म प्रति बोर्डको वार्षिक | **१५०।००** |
| ख | डि.पि.एस्. बोर्डमा १० ब.फि. भन्दा माथि प्रति वर्ग फिट | **४०।००** |
| ग | प्रचार, प्रसार पर्चा पम्प्लेट प्रति पाना | **१।००** |
| घ | व्यापारिक तथा व्यवसायिक प्रयोजनका होर्डिङबोर्डहरूमा  प्रति स्क्वा.फुट | **४०।००** |
| ङ | व्यापारिक तथा व्यवसायिक प्रयोजनका फ्लेक्स प्रति स्क्वा.फुट | **१०।००** |
| च | कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति पटक | **१५०।००** |
| छ | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता वा पर्खालमा लेखिएकोमा वार्षिक प्रति स्क्वा. फुट | **३।००** |
| ज | एक दिनको प्रचार प्रसार गर्ने कार्यक्रम लाई (प्रतिदिन) | **५००।००** |
| झ | डिजिटल होडिड बोर्ड | **५०००।००** |

**अनुसूची : ८**
(दफा ९ संग सम्बन्धित)

| | | | |
|---|---|---|---|
| **आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउपालिकाको गाउ सभाबाट स्वीकृत मनोरञ्जन कर** | | | |
| क. | सर्कस वा मेला | प्रति दिन | रू. २०० |
| ख. | कन्सर्ट | प्रति दिन | रू. ५०० |
| ग. | अन्य | आपसी समझदारीमा हुनेछ । | |
| परम्परागत संस्कृति जगेर्ना गर्ने खालका कार्यक्रमा कर लगाइने छैन । | | | |

**अनुसूची : ९**
(दफा १० संग सम्बन्धित)

| | |
|---|---|
| आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउपालिकाको गाउ सभाबाट स्वीकृत अस्थायी हाटबजार, तथा पसलहरूमा लाग्ने बहाल विटौरी शुल्क | |
| **<u>अस्थाई हाट बजार वा घुम्ती पसल</u>** | |
| रेडिमेड कपडा | ५०।०० |
| सरसामनको प्रचार प्रसार | ५०।०० |
| जुत्ता चप्पलको पसल | ५०।०० |
| इलेक्ट्रोनिक पसल | ५०।०० |
| चामल, दाल विक्रेता | ५०।०० |
| पारचुन पसल | २०।०० |

| | |
|---|---|
| माछा मासु पसल | २०।०० |
| किराना तथा मिठाइ | २०।०० |
| भाडाकुडा पसल | २०।०० |
| खैनी खुद्रा | २०।०० |
| खसि प्रति गोटा | २०।०० |
| पाडा प्रति गोटा | २०।०० |
| सुंगुर प्रति गोटा | २०।०० |
| पाउरोटी, वरफ, आइक्रिम | २०।०० |
| सामान मर्मत पसल | २०।०० |
| हजाम | २०।०० |
| कुखुरा प्रति गोटा | १०।०० |
| चट्पटे विक्रेता | १०।०० |
| गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक क्षेत्रमा निर्माण हुने घर टहरा कोठाहरूमा प्रतिघर बजार क्षेत्र बार्षिक रू. १०००।–<br>गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक क्षेत्रमा निर्माण हुने घर टहरा कोठाहरूमा प्रतिघर ग्रामिण क्षेत्र बार्षिक रू. २००।– | |
| अन्य उपयोग एवम् पूर्वाधार प्रयोग गरेमा बार्षिक प्रति रोपनी रू. २०००।– | |

**अनुसूची : १०**

(दफा ११ संग सम्बन्धित)

| **आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत पार्किङ शुल्कहरू** |
|---|
| गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक जग्गामा पार्किङ गरेमा आपसी समझदारीमा शुल्क लगाउन सक्नेछ। |

**अनुसूची : ११**

(दफा १२ संग सम्बन्धित)

| **आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत ट्रेकिङ,कोयोकिङ, क्यानोइङ्ग बन्जी जम्पिङ, जिप फ्लायर ऱ्याफ्टीङ शुल्कहरू** |
|---|
| आवश्यक अध्ययन पछि शुल्क लगाउन सक्नेछ। |

**अनुसूची : १२**

(दफा १३ संग सम्बन्धित)

| **आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत सेवा शुल्क तथा दस्तुरः** | | |
|---|---|---|
| | **सिफारिस दस्तुर** | |
| १ | नागरिकता सिफारिस | १००।०० |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | १५०।०० |
| ३ | अंगिकृत नागरीकता सिफारीस | १००।०० |
| ४ | जन्ममिति प्रमाणित | १००।०० |
| ५ | विवाह मिति प्रमाणित | १००।०० |
| ६ | चरित्र प्रमाणित | १००।०० |
| ७ | नामथर संशोधन सिफारीस | १००।०० |
| ८ | अविवाहित/ विवाहित प्रमाणित | १००।०० |
| ९ | कोष प्रमाणित | १००।०० |
| १० | घर कायम सिफारिस | १००।०० |
| ११ | जनजाति, दलित, पिछडिएका वर्ग मधेशी सिफारिस | १००।०० |
| १२ | अदालती तारीख आदी प्रमाणित सीफारिस | १००।०० |

| | | |
|---|---|---|
| १३ | अन्य प्रकृतिका सामान्य सिफारीसमा | १००।०० |
| १४ | कोर्ट फि सिफारिस | १००।०० |
| १५ | नाबालक सिफारिस | १००।०० |
| १६ | चौहद्धि (चार किल्ला) प्रमाणित | २००।०० |
| १७ | छात्रवृत्ति सिफारीसमा | १००।०० |
| १८ | नाता प्रमाणीत | २००।०० |
| १९ | नाता सम्वन्ध प्रमाणित | १००।०० |
| २० | घटना दर्ता जरिवाना | ५०।०० |
| २१ | आय प्रमाणित सम्पति मूल्यांकन | ०.१ प्रतिशत |
| २२ | दैवि प्रकोप, अपांगता, असहाय, विपन्न, छात्रवृति सिफारिस | निशुल्क |
| २३ | मिलापत्र दस्तुर | १००।०० |
| २४ | खानेपानी जडान सिफारिस दस्तुर | १००।०० |
| २५ | सिंगल फेज बिद्युत जडानका लागी | १००।०० |
| २६ | स्थलगत सर्जिमन मुचुल्का दस्तुर | १,०००।०० |
| २७ | थ्री फेज विद्युत लाइन जडान सिफारिस | २,०००।०० |
| २८ | अन्य निकायका लागि योजना सम्झौता तथा भुक्तानी सिफारिस | २००।०० |
| २९ | अन्य कार्यालयहरूलाई पठाउने सिफारिस | १००।०० |
| ३० | नामसारी / फोटो टाँस तथा जग्गा सम्बन्धि सिफारिस | २००।०० |
| ३१ | वस्तुगत विवरण/घरवाटो प्रमाणित सिफारिस प्रति कित्ता | १००।०० |
| ३२ | अन्य सिफारिस | १००।०० |
| ३३ | दर्ता सिफारिस/ संघ संस्था विविध सिफारिस | ५००।०० |
| ३४ | कन्सुलर प्रमाणित प्रति सिफारिस | १,०००।०० |
| | **शुल्कहरू :** | |
| | विविध दर्ता शुल्क : (बार्षिक) | ५००।०० |
| | विविध नविकरण शुल्क (वार्षिक) | २००।०० |
| | विविध नामसारी शुल्क | २००।०० |
| | **घरको नक्सा पास शुल्क** | |
| | नक्सा पासको निवेदन किताब | ५००।०० |
| | नक्सापास वेशमेन्ट भुईं तला देखि पाँच तला सम्म प्रति स्क्वायर फिट | २।०० |
| | नक्सा नामसारी दस्तुर | ५००।०० |
| | नक्सा प्रतिलिपि माग भएमा प्रति सेट | ४००।०० |
| | नक्सा प्रमाणित पक्कि/कच्चि | १०००/५०० |
| | **सडक मर्मत शुल्क (पटके)** | |
| | ठुला सवारी साधन | ५०।०० |
| | ट्रयाक्टर | ५०।०० |
| | साना तथा हलुका सवारी साधन | ३०।०० |
| | **सरसफाई शुल्क (गाउपालिका भित्रका हरेक घर पसलले वार्षिक)** | १००।०० |
| | **पूर्वाधार उपयोग शुल्क** | |
| | तरकारी, अदुवा निकासी (प्रति के.जी.) | ०।२५ |
| | कृषिजन्य वस्तु निकासी (प्रति के.जी.) | ०।१० |
| | **गाउँपालिकाको यन्त्र उपकरण प्रयोग गरेवापत शुल्क** | |
| | व्याकहो लोडर भाडामा परिचालन उपभोक्ता समितिलाई प्रति घण्टा (स्वयंले तेल हालेर) | १,०००।०० |
| | अन्य (स्वयंले तेल हालेर) | १,५००।०० |

पुनश्चः उपरोक्त शुल्कहरू साविक आ.ब. मा भुक्तानी नगरेमा पहिलो बर्ष २०% र त्यस पछिका बर्षमा थप ५% प्रतिबर्ष लगाइनेछ। घर बहाल करमा प्रतिवर्ष थप २% का दरले हुनेछ। जग्गा रजिष्ट्रशन शुल्क मालपोत कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ। अन्य सिफारिस दस्तुरहरू आ.ब. ०७३/०७४ बमोजिम नै निरन्तरता दिइनेछ।

**अनुसूची : १३**
(दफा १४ संग सम्बन्धित)

| आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउपालिकाको गाउ सभाबाट स्वीकृत पर्यटन शुल्क | | |
|---|---|---|
| | पर्यटन (प्रति पर्यटक) | शुल्क रू. |
| | नेपाल भित्र | १०।०० |
| | सार्क मुलुक | १५।०० |
| | अन्य मुलुक | २०।०० |

**अनुसूची : १४**
(दफा १५ संग सम्बन्धित)

| आर्थिक वर्ष २०७४।०७५ को २०७४ श्रावण १ गते देखि लागू हुने गरी कैलाश गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत जरिवाना शुल्क | |
|---|---|
| क्षतिपूर्ति तथा वातावरण संरक्षण एवं सुधारको वापत जरिवाना शुल्क | रू. ६५।- प्रति टन |
| **अनुसुचि १४ (१)** | |
| **फर्म, संस्था तथा अन्य व्यवसाय वा कार्य दर्ता वा नविकरण विलम्ब शुल्क** | |
| १ बर्ष म्याद नाघेमा | १० प्रतिशत |
| २ बर्ष म्याद नाघेमा | २० प्रतिशत |
| ३ बर्ष म्याद नाघेमा | ३० प्रतिशत |
| ४ बर्ष म्याद नाघेमा | ४० प्रतिशत |
| ५ बर्ष वा सो भन्दा बढी म्याद नाघेमा | १०० प्रतिशत |